नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो
(प्रशासन शाखा)

फोन: ९८५१२८६७७०, ०१-४२१९०४४
Ext: ११४

Email: cyberbureau_admin@nepalpolice.gov.np
भोटाहिटी, काठमाण्डौ

मिति: २०७७-०३-२६ गते।

# प्रेस विज्ञप्ती

**Live Streaming गरी आत्महत्या गर्ने गरेका घटनाको सूचना, उद्दार एवं कारवाही सम्बन्धमा।**

बिगत केही महिनायता विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (Covid-19) को कारणबाट नेपाल समेत आक्रान्त भैरहेको बेला मानसिक तनाव लगायत अन्य कारणहरुबाट आत्महत्याका घटनाहरु बढदै गईरहेको भन्ने सन्दर्भमा आत्महत्या गर्ने व्यक्तिले फेसबुक लगायतका सामाजिक संजालहरुमा मृत्युकालीन अवस्थाको Live Streaming गर्दै आत्महत्या गर्ने गरेका घटनाहरु सार्वजनिक भैरहेका छन्। समयमै सूचना प्राप्त भएको अवस्थामा यस्ता प्रकृतिका कतिपय घटनामा सम्वन्धित सामाजिक संजाल लगायत अन्य व्यक्ति एवं निकायसंगको समन्वय,सहयोग एवं सामूहिक प्रयासमा त्यस्ता व्यक्तिहरुको उद्धार गरी जीवन रक्षा गर्न सम्भव भएको व्यहोरा अनुरोध गरिएको छ। Live Streaming गरी आत्महत्या गरिएका कतिपय घटनाको संम्वेदनशिल भिडियोहरु सामाजिक सञ्जाल तथा Online पोर्टलहरुमा अपलोड गर्ने, शेयर गर्ने, प्रतिकृयाहरु जनाउने लगायतको कार्यहरु गरेको वा भैरहेको प्रति यस ब्यूरोको ध्यानाकर्षण भएको छ। यस्ता किसिमका कार्यहरु सार्वजनिक नैतिकता एवं शिष्टाचार विरुद्ध हुने, समाजमा घृणा वा द्वेष फैलाउने, साथै विभिन्न किसिमका मानसिक पिडामा रहेका व्यक्तिहरुलाई आत्महत्या गर्नका लागि दुरुत्साहन पुर्याउने हुँदा नेपालको प्रचलित कानून बमोजिम दण्डनिय भएकोले त्यस्ता कार्यहरु कसैले पनि नगर्न नगराउन हुन अनुरोध गरिएको छ।

साथै, आत्महत्या गर्ने उदेश्यले सामाजिक सञ्जालहरुमा Live Streaming गर्न लागेको वा गर्दै गरेको घटनाहरुको बारेमा कुनै जानकारी वा सूचना भएमा तत्काल प्रहरी कन्ट्रोल रुमको आकस्मिक नं. १००, नजिकको प्रहरी कार्यालय वा यस व्यूरोको टेलिफोन नं. ०१-४२१९०४४, मोवाईल नं. ९८५१२८६७७०, ९८५१२८६७७१ मा खवर गरी उक्त व्यक्तिको उद्धार तथा जीवनरक्षा गर्ने कार्यमा सहयोग एवं सहकार्य गर्नहुन समेत अनुरोध गरिएको छ।

**प्रवक्ता एवं सूचना अधिकारी**
सह-निर्देशक
(नविन्द अर्याल)
प्रहरी वरिष्ठ उपरीक्षक